# जनसंख्या मासिक

वर्ष १ | अङ्क ७ | २०८० कार्तिक-मंसिर | २०२३ नोभेम्बर


## सम्पादकीय...............

जनसंख्या मासिकको सातौं अक लिएर हामी तपाईहरूसँग आएका छौं । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कका विविध सुचकहरूलाई विभिन्न ढंगले व्याख्या विश्लेषण गर्ने, राष्ट्रिय तथ्याङ्क कार्यालयको जनसंख्या शाखाका विविध गतिविधीहरूलाई यस मासिकमा समेट्ने गरेका छौं ।

राष्ट्रिय जनगणना २०७८ का नतिजाहरू प्रकाशन हुने क्रममा नै छन् । जनगणनामा ८० वटा प्रश्नावली सोधिएकोले तथ्याङ्कहरु पनि त्यसै अनुसार क्रमश प्रकाशन हुँदै जानेछन् । कात्तिक महिनामा हामीले घर तथा घरपरिवार सम्बन्धी विभिन्न तथ्याङ्कहरु प्रकाशन गरेको थियौं । ति तथ्याङ्कहरु मध्ये केही सुचकहरुलाई यस अङ्कमा प्रकाशन गरेका छौं । खासगरी बैंक तथा वित्तीय संस्थामा मानिसहरूको पहुँच के कस्तो छ भन्ने जानकारी यो तथ्याङ्कबाट पाइन्छ । यो तथ्याङ्क अनुसार धेरै नेपालीहरूको बैकिङ कारोबार देखिदैन । सहकारी बाहेक बैंक वा वित्तीय संस्थामा मात्र परिवारका कुनै एक सदस्यको खाता भएको परिवारको संख्या ६१.९ प्रतिशत छ । यसको अर्थ अहिले पनि ३८.१ प्रतिशत परिवारमा एकजना सदस्यको पनि बैंक खाता छैन । यसबाट के देखिन्छ भने बैंक तथा वित्तीय संस्थाहरू निश्चित ठाउँमा मात्र केन्द्रीत छन् । बैकिङ साक्षरताको अभाव छ । बैंक खाता किन खोल्ने भन्ने कुरा अझै पनि मानिसहरूले बुझेका छैनन् वा सम्बन्धित निकायले यो कुरा बुझाउन सकेका छैनन् ।

राष्ट्रिय जनगणनाको नतिजा अनुसार २५.५६ प्रतिशत जनसंख्याको मात्र बैंकमा खाता छ । जसमा पुरुष २६.४२ र महिला २४.७४ प्रतिशत रहेका छन् । तथ्याङ्कले सबैभन्दा कम मधेस प्रदेशमा १५.५० प्रतिशत जनसंख्याको मात्र बैंकमा खाता रहेको देखाएको छ भने सबैभन्दा बढी बागमती प्रदेशमा ४०.१० प्रतिशत जनसंख्याको बैंकमा खाता रहेको देखाएको छ ।

हामीले यस तथ्याङ्कलाई मसिनो गरी केलाएका छौं । जसलाई प्रदेश र जिल्लागत रुपमा पृष्ठ २ मा विस्तृत रूपमा प्रकाशन गरेका छौं ।

## जनगणनाको नतिजा र मतदाता नामावली बारे निर्वाचन आयोगमा छलफल



राष्ट्रिय जनगणना २०७८ को नतिजाका बारेमा राष्ट्रिय तथ्याङ्क कार्यालयले निर्वाचन आयोगसँग छलफल गरेको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक एवं जनसंख्या शाखाका प्रमुख ढुण्डिराज लामिछाने निर्वाचन आयोग पुगेर कात्तिक २४ गते प्रमुख निर्वाचन आयुक्त दिनेश थपलिया र सचिव सुर्यप्रसाद गौतम सहितको टिमसँग जनगणना नतिजाका विविध आयामका विषयमा छलफल गर्नुभएको हो ।

निर्देशक लामिछानेले हिमाली र पहाडी क्षेत्रको जनसंख्या वृद्धिदर ऋणात्मक हुँदै गएको र तराइ क्षेत्रको जनसंख्या वृद्धिदर उच्च भएको बताउनुभयो । मतदाता नामावली स्थायी बसोबासका आधारमा हुने गरेको र जनगणना अक्सर बसोबासका आधारमा हुने गरेकोले यी दुई तथ्याङ्कमा एकरूपता नभएको विषयमा प्रष्ट पार्नु भयो । जनगणनाको नतिजा अनुसार हिमाली क्षेत्रमा ६.०८ प्रतिशत, पहाडी प्रदेशमा ४०.३१ प्रतिशत र तराइ क्षेत्रमा ५३.६१ प्रतिशत जनसंख्या रहेको उल्लेख गर्नुभयो ।

भेटघाटका अवसरमा प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले जनगणना र मतदाता नामावली संकलन प्रक्रिया अलग अलग हो भन्ने राजनीतिक दलका नेताहरूलाई बुझाउन नसक्दा समस्या भएको बताउनुयो । कतिपय जिल्लामा जनसंख्या भन्दा मतदाताको संख्या बढी देखिएपछि यसका विषयमा धेरै जिज्ञासा आएको बताउनुभयो । प्रमुख निर्वाचन आयुक्त थपलियाले यस विषयमा निर्वाचन आयोग र राष्ट्रिय तथ्याङ्क कार्यालयले समान धारणा बनाउनु पर्ने र आममानिसमा यसका बारेमा जानकारी दिन आगामी दिनमा सयुक्त कार्यक्रम तय गर्न पर्ने बताउनुभयो ।

निर्वाचन आयोगका सचिव सूर्यप्रसाद गौतमले राष्ट्रिय तथ्याङ्क कार्यालयले ७५ लाख ५२ हजार ६६ वटा घर भएको उल्लेख गरेको छ । तर त्यसमा ६.३ प्रतिशत घरहरू खाली रहेको पनि जनगणनाको तथ्याङ्क छ । ति खाली घरमा जनसंख्या छैन तर मतदाताचाँही छन् यसले गर्दा पनि जनसंख्या भन्दा बढी मतदाता भएको सचिव गौतमको भनाइ छ । 'आफ्नो स्थायी घर छोडेर मानिसहरू बसाँइसरेर कहाँ पुगेका छन् । जनगणनामा उनीहरू अहिले जहाँ बसेका छन् त्यहाँ गणना भएका छन्' सचिव गौतमले भन्नुभयो 'तर मतदाता नामावली आफ्नो स्थायी ठेगानाबाट उनीहरूले नसारेका कारण कतिपय ठाउँमा जनसंख्या भन्दा बढी मतदाता भएका हुन् ।'

छलफलपछि निर्देशक लामिछानेले प्रमुख निर्वाचन आयुक्त थपलियालाई राष्ट्रिय जनगणना २०७८ को नतिजाका पुस्तकहरू हस्तान्तरण गर्नुभयो । छलफलमा प्रमुख निर्वाचन आयुक्त थपलिया, सचिव गौतम मतदाता शिक्षाका उपसचिव ऋषी भुसाल र आयोगका सुचना तथा प्रविधी शाखाका उपसचिव कमल ज्ञवाली सहभागी हुनुहुन्थ्यो ।

## राष्ट्रिय जनगणना २०७८ का स्थानीयस्तरको तथ्याङ्क विश्लेषण कार्यशाला



राष्ट्रिय तथ्याङ्क कार्यालयले चितवनको रत्ननगर नगरपालिकामा राष्ट्रिय जनगणना २०७८ का स्थानीयस्तरको तथ्याङ्क विश्लेषण सम्बन्धी दुईदिने कार्यशाला सम्पन्न गरेको छ ।

स्थानीयस्तरमा आवश्यक पर्ने तथ्याङ्कीय माग संकलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयका साथै सम्बन्धित सरोकारवालाले समेत राष्ट्रिय जनगणना २०७८ बाट प्राप्त तालिकाबाट आवश्यक सूचकहरू तयार गरेर नमूना प्रतिवेदन बनाउने कार्यशालाको उद्धेश्य रहेको थियो ।

कार्यशालामा रत्ननगर नगरपालिकाका प्रमुख प्रल्हाद सापकोटा, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत छबिलाल सुवेदी, शिक्षा, स्वास्थ्य, सूचना प्रविधि, महिला, कृषि लगायतका शाखा प्रमुखहरू सहभागी हुनुहुन्थ्यो । यसैगरी खैरहनी र कालिका नगरपालिकाका तथ्याङ्क हेर्ने अधिकृतहरु पनि कार्यशालामा सहभागी हुनुहुन्थ्यो । कार्यशालामा राष्ट्रिय जनगणना अनुसारको जनसंख्या वितरण, घर तथा घरपरिवार सम्बन्धी विभिन्न तथ्याङ्कहरुका बारेमा जानकारी गराइएको थियो । सहभागीहरूलाई राष्ट्रिय जनगणनाका तथ्याङ्कहरु वेवसाइटबाट कसरी प्रयोग गर्ने भन्ने जानकारी पनि गराइएको थियो ।

कार्यशालामा राष्ट्रिय तथ्याङ्क कार्यालयको तर्फबाट स्थानीय तहको जनसाँख्यिक प्रतिवेदनको मस्यौदाका बारेमा एक कार्यपत्र समेत प्रस्तुत गरिएको थियो । कार्यक्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयको तर्फबाट तथ्याङ्क अधिकृत दिनानाथ लम्साल, नन्दलाल सापकोटा, निराजन शर्मा र कम्प्यूटर अधिकृत डोलनारायण श्रेष्ठ सहभागी हुनुहुन्थ्यो । कार्यक्रमको संयोजन तथ्यांक कार्यालय, चितवनले गरेको थियो ।

### आगामी महिना हुने गतिविधिहरू

१. Population Composition in Nepal र Housing and Household status in Nepal विषयगत दुई प्रतिवेदनहरू प्रकाशन गर्ने
२. सहरी तथा ग्रामीण वर्गीकरण (Degree of Urbanization) सम्बन्धी प्रतिवेदन तयारी गर्ने
३. राष्ट्रिय जनगणनासँग सञ्चारकर्मी नामक पुस्तक तयार गर्ने
४. जनसंख्या तथ्याङ्क साक्षरता पुस्तिका तयार गर्ने
५. प्रदेशस्तरीय जनसांख्यिक सूचक तयार गर्ने
६. अन्य १६ वटा विषयगत प्रतिवेदन तयारको लागि प्रारम्भिक कार्य गर्ने

## लोसपाका नेताहरुलाई जनगणना प्रतिवेदन हस्तान्तरण

राष्ट्रिय तथ्याङ्क कार्यालयले जनगणनाको नतिजा राजनीतिक दलहरूलाई ब्रिफिङ गर्ने क्रममा कात्तिक २२ गते लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)लाई हस्तान्तरण गरेको छ ।

लोसपाको कार्यालय बुद्धनगरमा भएको भेटघाटका क्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक एवं जनसंख्या शाखा प्रमुख ढुण्डिराज लामिछानेले जनसंख्या राजनीतिसँग जोडिएको विषय भएकोले जनगणनाबाट प्राप्त तथ्याङ्कको उपयोग राजनीतिक दलहरुले बढी भन्दा बढी गर्नु उपयुक्त हुने सुझाव दिनुभयो । उहाँले राजनीतिक दल र तीनै तहका सरकारले नीति कार्यक्रम निर्माण गर्दा,योजना निर्माण गर्दा र कार्यान्वयन गर्दा तथ्याङ्कका आधारमा गर्नु उपयुक्त हुने धारणा राख्नुभयो ।

लोसपाका महासचिव डा.सुरेन्द्र झाले राजनीतिक दलहरुलाई जनगणनाको तथ्याङ्कको ब्रिफिङ गरेर राष्ट्रिय तथ्याङ्क कार्यालयले जनगणनाको उपयोगितालाई बढाउने काम गरेको बताउनुभयो । महासचिव डा.झाले आफ्नो पार्टीले अब बनाउने नीति र कार्यक्रममा तथ्याङ्कका आधारमा अवसर हरूको वितरण गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।



यसैगरी आफ्नो पार्टी सहभागी संघीय सरकार, प्रदेश र स्थानीय सरकारका प्रतिनिधीहरूलाई पनि जनगणनाको तथ्याङ्कका आधारमा योजना बनाउने निर्देशन दिने प्रतिवद्धता व्यक्त गर्नुभयो । छलफलमा लोसपाका अर्का महासचिव अविराम शर्मा,लोसपा मधेस प्रदेश दलका नेता विनोद कुमार सिंह पनि उपस्थिती हुनुहुन्थ्यो ।

ब्रिफिङ पश्चात निर्देशक लामिछानेले जनगणना तथ्याङ्कका प्रतिवेदनहरू महासचिवद्वय झा र शर्मालाई हस्तान्तरण गर्नुभयो ।

# बैक तथा वित्तीय संस्थामा (सहकारी बाहेक) खाता भएको परिवार तथा जनसंख्या प्रतिशत

| सि. नं. | भौगोलिक क्षेत्र | जम्मा घरपरिवार संख्या (संस्थागत बाहेक) | जनसंख्या (संस्थागत बाहेक) | परिवारमा कम्तिमा एक जनाको नाममा बैंक तथा वित्तीय संस्थामा खाता हुने परिवार प्रतिशत | *बैंक तथा वित्तीय संस्थामा खाता हुने जनसंख्या प्रतिशत* | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | जम्मा | पुरुष | महिला |
| नेपाल | | ६६६०८४१ | २८९८५३६४ | ६१.८९ | २५.५६ | २६.४२ | २४.७४ |
| **प्रदेश** | | | | | | | |
| १ | कोशी | ११९०७५५ | ४८९६२२० | ५५.८९ | २२.९२ | २२.९२ | २२.९१ |
| २ | मधेश | ११५६३८३ | ६१००६९७ | ५०.७९ | १५.५० | १६.४० | १४.६० |
| ३ | बागमती | १५६७९१७ | ६०२१००३ | ७२.५४ | ४०.१० | ४३.२२ | ३७.०५ |
| ४ | गण्डकी | ६६१६३२ | २४६३६८७ | ७२.४० | ३४.६८ | ३३.९५ | ३५.३५ |
| ५ | लुम्बिनी | ११४१३४५ | ५१२१९६३ | ६१.५२ | २२.९४ | २२.७१ | २३.१५ |
| ६ | कर्णाली | ३६६०३७ | १६८७८०२ | ५५.५३ | १९.४९ | २०.९९ | १८.०७ |
| ७ | सुदुरपश्चिम | ५७६७७२ | २६९३९९२ | ६०.३४ | २१.११ | २१.५० | २०.७७ |
| **जिल्ला** | | | | | | | |
| १ | ताप्लेजुङ | २७७७६ | ११९४५० | ५४.९५ | २०.४८ | २१.९४ | १९.०२ |
| २ | संखुवासभा | ३९११८ | १३८६९० | ४६.४३ | २०.६९ | २२.५३ | १८.८९ |
| ३ | सोलुखुम्बु | २६२३९ | १०४८५१ | ५८.९९ | २५.४५ | २८.१५ | २२.७२ |
| ४ | ओखलढुङ्गा | ३४२८६ | १३८९८९ | ३७.०८ | १४.४२ | १६.१४ | १२.७९ |
| ५ | खोटाङ | ४१७२० | १७३९२० | ५१.६३ | १८.०९ | २०.१६ | १६.०९ |
| ६ | भोजपुर | ३८५८० | १५६६११ | ५१.३६ | १९.७१ | २०.८३ | १८.६३ |
| ७ | धनकुटा | ३७६१६ | १३१०५३ | ५२.०८ | २३.८८ | २४.५० | २३.२८ |
| ८ | तेह्रथुम | २१८४५ | ८८२७९ | ६२.६८ | २५.८४ | २७.१२ | २४.६२ |
| ९ | पाँचथर | ४२४३७ | १७१०४७ | ५२.८८ | २०.०५ | २१.५८ | १८.५५ |
| १० | ईलाम | ७०५०१ | २७८१२८ | ५८.४७ | २५.५० | २६.३९ | २४.६३ |
| ११ | झापा | २४५०१९ | ९९२७९६ | ५७.०८ | २४.४६ | २३.६० | २५.२४ |
| १२ | मोरङ | २७२१६० | ११४१९७१ | ५८.४५ | २४.२२ | २३.४५ | २४.९४ |
| १३ | सुनसरी | २१२४०७ | ९२१२४६ | ६०.६१ | २४.१८ | २३.८७ | २४.४७ |
| १४ | उदयपुर | ८१०५१ | ३३९१८९ | ४६.७७ | १७.२० | १६.६६ | १७.७० |
| १५ | सप्तरी | १४६८१६ | ७०४३५९ | ५१.५३ | १६.८४ | १७.८६ | १५.८५ |
| १६ | सिराहा | १४८५४९ | ७३९३२८ | ५४.४० | १७.४३ | १८.०० | १६.८८ |
| १७ | धनुषा | १७७०९१ | ८६५०३२ | ५१.७६ | १६.८८ | १७.२० | १६.५५ |
| १८ | महोत्तरी | १३७८८६ | ७०५९१२ | ५२.१६ | १६.२६ | १६.४२ | १६.११ |
| १९ | सर्लाही | १६४८२४ | ८६०२५१ | ४५.५३ | १४.१४ | १५.४२ | १२.८६ |
| २० | रौतहट | १३७०२५ | ८१३२६९ | ४४.३८ | ११.७३ | १३.२७ | १०.१८ |
| २१ | बारा | १३११७९ | ७६१२५६ | ५३.०० | १५.०३ | १५.९७ | १४.०६ |
| २२ | पर्सा | ११३०१३ | ६५१२९० | ५४.७७ | १६.२९ | १७.७० | १४.७९ |
| २३ | दोलखा | ४९४९३ | १७१२७८ | ७७.६८ | ४७.८८ | ५२.१७ | ४३.९१ |
| २४ | सिन्धुपाल्चोक | ७१६९७ | २६०३४५ | ६२.९१ | २८.९२ | ३१.८४ | २६.११ |
| २५ | रसुवा | १११३१ | ४५४७५ | ८६.२८ | ५८.३४ | ६१.८१ | ५४.८१ |
| २६ | धादिङ्ग | ८३६२२ | ३२३७०४ | ५९.८६ | २४.२९ | २८.४३ | २०.३८ |
| २७ | नुवाकोट | ६८६४६ | २६०६४८ | ६०.१७ | २५.६८ | ३०.३६ | २१.२७ |
| २८ | काठमाडौं | ५४२८९२ | १९९४५५५ | ८२.६७ | ५४.४० | ५७.३५ | ५१.४२ |
| २९ | भक्तपुर | १०८४०६ | ४२७०६० | ७६.६२ | ४६.५२ | ५०.२४ | ४२.७८ |
| ३० | ललितपुर | १४०१३० | ५४३३११ | ७१.५८ | ४१.५० | ४३.२३ | ३९.७७ |
| ३१ | काभ्रेपलाञ्चोक | ९१३३० | ३५८७२२ | ६६.३७ | ३०.२७ | ३५.९१ | २४.९४ |
| ३२ | रामेछाप | ४६४६६ | १६९०३५ | ५०.९६ | २१.३२ | २४.७० | १८.३१ |
| ३३ | सिन्धुली | ६९३१७ | २९७०९९ | ५६.८७ | २०.२५ | २३.४९ | १७.१८ |
| ३४ | मकवानपुर | १०५६२० | ४५८४९४ | ६३.८७ | २६.२२ | २८.७३ | २३.७६ |
| ३५ | चितवन | १७९१६७ | ७११२७७ | ७२.३१ | ३५.२६ | ३५.८९ | ३४.६६ |
| ३६ | गोरखा | ७१७२९ | २४८२८७ | ६४.४९ | २७.६४ | ३०.६९ | २४.९६ |
| ३७ | मनाङ | १५४७ | ५६५८ | ८१.७१ | ४४.७३ | ४३.४५ | ४६.३९ |
| ३८ | मुस्ताङ | ३६०६ | १४४५२ | ८२.१४ | ३८.०८ | ३६.०० | ४०.६३ |
| ३९ | म्याग्दी | २८७६६ | १०७०३३ | ७०.९० | ३१.११ | ३०.२३ | ३१.९४ |
| ४० | कास्की | १६०४१६ | ६०००५१ | ७६.४० | ४२.१६ | ४१.३६ | ४२.९२ |
| ४१ | लमजुङ | ४४०७४ | १५५८५२ | ७३.६२ | ३५.३७ | ३४.८८ | ३५.८२ |
| ४२ | तनहुँ | ८८५१३ | ३२११५३ | ७४.४४ | ३४.३२ | ३१.७३ | ३६.५८ |
| ४३ | नवलपरासी - पूर्व | ९३८५० | ३७८०७९ | ६९.६७ | ३१.७७ | ३०.७३ | ३२.६९ |
| ४४ | स्याङ्गजा | ६८९२३ | २५३०२४ | ८०.५९ | ३८.६६ | ३६.३० | ४०.६८ |
| ४५ | पर्वत | ३६११२ | १३०८८७ | ७६.२३ | ३५.८४ | ३५.५३ | ३६.१२ |
| ४६ | बागलुङ | ६४०९६ | २४९२११ | ६०.५४ | २४.६५ | २३.८१ | २५.३८ |
| ४७ | रुकुम-पूर्व | १२८७८ | ५६६७१ | ४२.०७ | १३.८४ | १४.४५ | १३.२७ |
| ४८ | रोल्पा | ५२२०६ | २३४७९३ | ४७.२० | १५.१६ | १५.०० | १५.३० |
| ४९ | प्युठान | ५६१९५ | २३२०१९ | ५५.०८ | १९.६२ | १८.०४ | २०.९० |
| ५० | गुल्मी | ६६१०० | २४६४९४ | ६८.५० | २९.२७ | २८.०८ | ३०.२५ |
| ५१ | अर्घाखाँची | ४८४४९ | १७७०८६ | ६०.६१ | २५.४६ | २४.३३ | २६.४१ |
| ५२ | पाल्पा | ६४९९१ | २४५०२७ | ७३.११ | ३१.३५ | २८.१४ | ३४.०८ |
| ५३ | नवलपरासी - पश्चिम | ८२७०९ | ३८६८६८ | ६७.०० | २५.१२ | २५.७४ | २४.५२ |
| ५४ | रुपन्देही | २३८१७१ | ११२१९५७ | ७२.०७ | २८.५५ | २८.७५ | २८.३७ |
| ५५ | कपिलवस्तु | १२१८६१ | ६८२९६१ | ६०.३३ | १८.०७ | १८.७२ | १७.४३ |
| ५६ | दाङ्ग | १६२२६६ | ६७४९९३ | ५६.४० | २१.५६ | २०.९९ | २२.०८ |
| ५७ | बाँके | १२९२३४ | ६०३१९४ | ५३.०५ | १८.८४ | १८.९३ | १८.७६ |
| ५८ | बर्दिया | १०६२८५ | ४५९९०० | ५४.८२ | १९.९३ | १९.५९ | २०.२३ |
| ५९ | डोल्पा | ९३८० | ४२१६४ | ७१.७० | २७.२५ | ३१.५६ | २३.०५ |
| ६० | मुगु | १२४३० | ६४५४९ | ८२.१२ | २८.३४ | ३२.४८ | २४.१८ |
| ६१ | हुम्ला | ११२०४ | ५५३९४ | ७०.२४ | २३.८६ | २८.०१ | १९.६५ |
| ६२ | जुम्ला | २४४२२ | ११८३४९ | ५७.०७ | १९.११ | २१.६७ | १६.५४ |
| ६३ | कालीकोट | २६७७० | १४५२९२ | ७२.६५ | २३.२० | २५.२५ | २१.१६ |
| ६४ | दैलेख | ५४५९४ | २५२३१३ | ५२.७८ | १७.५७ | १९.४८ | १५.८१ |
| ६५ | जाजरकोट | ३७४५३ | १८९३६० | ४१.४४ | १२.५७ | १३.७२ | ११.४३ |
| ६६ | रुकुम - पश्चिम | ३७२९० | १६६७४० | ५१.०४ | १७.९२ | १९.०२ | १६.८९ |
| ६७ | सल्यान | ५४६७२ | २३८५१५ | ५३.०१ | १८.६४ | १८.७४ | १८.५५ |
| ६८ | सुर्खेत | ९७८२२ | ४१५१२६ | ५३.८८ | २१.०१ | २१.७३ | २०.३४ |
| ६९ | बाजुरा | २८०४१ | १३७७३२ | ६०.१३ | १९.३९ | २२.१८ | १६.८० |
| ७० | बझाङ | ३८०२५ | १८९०८५ | ४२.७२ | १२.६६ | १४.७८ | १०.७९ |
| ७१ | दार्चुला | २८३८१ | १३३३१० | ६६.५९ | २३.२३ | २६.०६ | २०.५९ |
| ७२ | बैतड़ी | ४९४०७ | २४२१५७ | ५२.६४ | १६.३९ | १८.०७ | १४.९० |
| ७३ | डडेल्धुरा | ३११७२ | १३९६०२ | ६५.४५ | २३.१८ | २४.९२ | २१.६२ |
| ७४ | डोटी | ४५१४० | २०४८३१ | ५३.०८ | १६.८६ | १५.६१ | १७.९१ |
| ७५ | अछाम | ४९५६७ | २२८८५२ | ५८.८० | १९.५४ | १८.७० | २०.२७ |
| ७६ | कैलाली | १९५८७२ | ९०४६६६ | ६६.३० | २४.५७ | २३.५२ | २५.५३ |
| ७७ | कञ्चनपुर | १११९६७ | ५१३७५७ | ५९.९६ | २२.११ | २३.१० | २१.२३ |

संस्थागत परिवार भन्नाले सामूहिकरूपमा खानपिन र बसोबास गर्ने व्यक्तिहरूको समूहलाई जनाउँछ। जस्तै होस्टेल, प्रहरी तथा सैनिक ब्यारेक आदीमा संयुक्त बसोबास गरेका व्यक्तिहरूको समूह।

राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा प्रकाशित मासिक बुलेटिन **प्रकाशकः** जनसंख्या शाखा **ठेगानाः** थापाथली, काठमाडौं, नेपाल

**फोन नं.:** ९७७-१-५३६५३२३ **इमेलः** population@cbs.gov.np